# कुम्मायक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## यासोक, पाँचथर

## १ नम्बर प्रदेश, नेपाल ।

दोस्रो पटक प्रकाशित मिति: २०७७/०६/२३

पत्र सङ्ख्या: २०७७।०७८

चलानी नम्बर:

मिति:२०७७/०६/२३

**तमोर नदिस्थित जयरामघाट क्षेत्रबाट ढुंगा, गिटी, बालुवा, ग्राभेल संकलन तथा विक्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

यस कुम्मायक गाउँपालिको सिमाना भएर बग्ने तमोर नदीको जयरामघाट क्षेत्रबाट ढुंगा, गिटी, बालुवा तथा ग्राभेल समेत संकलन तथा विक्री गर्न तपसिल बमोजिमको उल्लेखित ठेक्का अंकमा नघट्ने गरि आ.व. २०७७/०७८ को लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं: | ठेक्काको विवरण | न्युनतम बार्षिक ठेक्का अंक (मु.अ.क. बाहेक) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| 1 | 01/077/78 | कुम्मायक गाउँपालिका भित्रको सिमाना भएर बग्ने तमोर नदी जयरामघाटबाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने ढुङ्गा, गिट्टी, बालुवा, बिक्री मूल्य कर। | 1520085/- | 1,000/- |

शर्तहरु

- दरभाउपत्र फराम यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र उपर्युक्त वमोजिमको दस्तुर तिरी यस कार्यालयवाट कार्यालय समयमा खरिद गर्न सकिने छ । दरभाउपत्र फारम दस्तुर बैंक मार्फत बुझाउन चाहाने ठेकेदार, फर्म वा कम्पनीहरुले यस कार्यालयको मेगा बैंक शाखा कुम्मायक स्थित आन्तरिक राजस्व खाता नं ०९६००१०३७३४७४ मा जम्मा गरि सोको सक्कल भौचर समेत उपलब्ध गराउनु पर्नेछ ।
- दरभाउपत्र साथ आफुले कवोल गरेको अङ्कको ५% (प्रतिशत)ले हुने रकम यस कार्यालयको मेघा बैंक शाखा कुम्मायक स्थित धरौटी खाता नं ०९६००१००२१०१४ मा जम्मा गरेको सक्कल भौचर, नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथै राखी खाम बाहिर प्रष्ट बुझिने गरि ढुंगा, गिटी, बालुबा संकलन तथ बिक्रि कार्यको शिलबन्दी दरभाउपत्र उल्लेख गरि व्यवसायी प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा कर चुक्ताको प्रमाणपत्र समेत समावेश हुनुपर्नेछ । खरिद भएको दरभाउपत्र स्पष्टसँग भरि शिलबन्दी लाहाछाप लगाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको १२ :०० बजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ। दरभाउपत्र दाताले दरभाउपत्रमा कुनै संशोधन गर्न चाहेमा ७ औं दिनको १२ :०० बजे भित्रमा संशोधन गरि पुन: दरभाउपत्र निवेदन दर्ता गराइ सक्नु पर्नेछ ।
- रीत पुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु एवं दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने काममा बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
- न्युनतम ठेक्का रकम अंक भन्दा घटी कवोल गरि सिलबन्दी दरभाउपत्र पेश गर्न पाईने छैन, साथै ठेकेदार, फर्म वा कम्पनीहरुबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।
- ठेकेदार, फर्म वा कम्पनीले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकमको पहिलो किस्तामा ५० % (प्रतिशत) बुझाउनु पर्नेछ र अन्य दुई किस्ता २५/२५% (प्रतिशत) मा विभाजन गरिने छ । दोश्रो किस्ता माघको पहिलो हप्ता र अन्तिम किस्ता चैत्रको दोश्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । पहिलो किस्ता वाहेक बाँकी किस्ताको लागि सो बरावरको ठेक्का अवधि भरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफर्मेन्स बोन्ड) पेश गर्नुपर्ने छ , ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाइ तोकिएको समयभित्र सम्झैता गर्न आएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।
- किस्ता रकम म्याद भित्र बुझाउनु पर्नेछ । म्यादभित्र नबुझाएमा कार्यालयलाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।
- वातावरण संरक्षण ऐन २०५३ को दफा ३ तथा नियमावली २०५४ को परिच्छेद २ बमोजिम EIA सम्बन्धी बिषयहरु यस ठेक्काको सर्त मानी दुवै पक्षबाट पालना गरिने छ।

# कुम्मायक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### यासोक, पाँचथर

### १ नम्बर प्रदेश, नेपाल ।

**दोस्रो पटक प्रकाशित मिति: २०७७/०६/२३**

**पत्र सङ्ख्या: २०७७।०७८**

**चलानी नम्बर:**

मिति:२०७७/०६/२३

- कुनै कारण देखाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा रहनेछ । दर्ता हुन आएका दरभाउपत्र मध्ये स्वीकृत दरभाउपत्रवालालाई सम्झौता गर्न आउन भनि सूचना दिइने छ । सम्झौता गरी प्रचलित ऐन नियम वमोजिम पट्टा पुर्जि लिइ ठेक्का सञ्चालन गर्नु पर्नेछ ।
- दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्ने छ । प्रचालित कानुन बमोजिम लाग्ने कर दस्तुर लगायतका बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ ।
- कर, शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्ने छ । नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाइ यस कार्यालयमा पेस गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।
- दरभाउपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि राजस्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेस गरेपछि मात्र फिर्ता दिइनेछ ।
- ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाइ बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, शुल्क आदि ठेकेदार स्वयंले बुझाउनुपर्ने छ। उक्त रकम ठेक्का अंकबाट कटाउन पाउने छैन। ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बिचैमा ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडि असुल उपर गरिनेछ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुल गरिनेछ।
- यस कुम्मायक गाउँपालिकाले तोकेका स्थानमा मात्र संकलन केन्द्र राखि कर र शुल्क असुल गर्नु पर्नेछ । सवारी आवगमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन ।
- यस ठेक्का सम्वन्धि कुनै विवाद सिर्जना भएमा कुम्मायक गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
- ढुङ्गा , गिटी , बालुवा , ग्रावेल जस्ता सामग्री खोलाबाट संकलन गरि गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दि गर्नु पर्नेछ ।
- यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७८ जेष्ठ मसान्त सम्म कायम हुनेछ । सो मिति अगाबै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा विक्री कार्य बन्द गरिने छ । २०७८ जेष्ठ मसान्त पश्चात पनि ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल जस्ता सामग्री उत्खनन् क्षेत्रमै संकलन गरि राखेमा सो संकलित परिमाण कार्यालयको नै हुनेछ।
- यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
- अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको समय भित्र सम्पर्क राख्न सकिने छ ।

कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय  
यासोक, पाँचथर